# *UW–Madison* को रणनीतिक संरचना

## *मिलेर*, अगाडि बढ्ने
## विस्कन्सिन विचार अनि ब्याजरको तरिका

**विस्कन्सिन विचार (*Wisconsin Idea*)** हाम्रो "कारण" हो: विश्वविद्यालयको काम र यसको प्रभाव राज्यको हरेक कुना र आजको संसारमा, धेरै परसम्म लाभदायक हुनुपर्छ। **ब्याजरको तरिका (*Badger Way*)** हाम्रो "तरिका" हो: हामी हाम्रो काम जिज्ञासा, नम्रता, इमानदारीता, दृढता, सभ्यता अनि थोरै चञ्चल भावका साथ शुरू गर्दछौं। हामी एकअर्कालाई त्यसरी समर्थन गर्दछौं।

साथमा विस्कन्सिन विचार अनि ब्याजरको तरिकाले हाम्रो उद्देश्य र वचनको व्याख्या गर्छन्। यीनीहरू रणनीतिक संरचनामा भेटिने प्राथमिकताहरूमा बुनिएका छन् र हामी ***मिलेर*, अगाडि बढ्ने** क्रममा हामीलाई साझा दिशानिर्देश प्रदान गर्दछन्।

* * * *

**प्राथमिकता १**

### विद्यार्थीहरूलाई उनीहरूको भविष्यका लागि तयार पार्न अतुलनीय शैक्षिक अनुभवहरू प्रदान गर्ने

विद्यार्थीहरूलाई क्याम्पसमा, काममा र जीवनमा अनि बदलिरहने संसारको नागरिकको रूपमा उन्नति गर्न तयार पार्ने।

- शिक्षाका परिवर्तनकारी र नवीन अवसरहरू प्रदान गर्ने।
- पहुँचयोग्यता र किफायत बढाउने।
- विद्यार्थी आफ्नोपना, भलाइ, स्वतन्त्र अभिव्यक्ति, दृष्टिकोण विविधता अनि नागरिक संवाद हुने वातावरण बनाउने।
- नेतृत्व, उद्यमशीलता, उद्योग, समुदाय, अनुसन्धान अनि सेवा अवसरहरूसँग विद्यार्थीहरूलाई जोड्ने।

**प्राथमिकता २**

### जीवन बदल्नका लागि नयाँ कुरा पत्ता लगाउने र बनाउने

अत्याधुनिक अनुसन्धानमा अगाडि बढ्दै मानव समझदारीको सीमा बढाएर चुनौतीहरू सम्बोधन गर्ने र मानव जीवन समृद्ध बनाउने।

- महत्त्वपूर्ण चुनौतीहरूलाई सम्बोधन गर्ने अनुसन्धानलाई अगाडि बढाउने।
- संसारलाई बुझ्न, समुदाय निर्माण गर्न, चुनौतीहरूको सामना गर्न र राम्रो भविष्यको कल्पना गर्न खोज, रचनात्मक अभिव्यक्ति तथा मानवतावादी अनुसन्धानलाई समर्थन गर्ने।

- उद्योग, समुदाय, सरकार तथा क्याम्पस पार्टनरहरू सँगको साझेदारी मार्फत नवीनता र आर्थिक विकासलाई अझ बलियो बनाउने।
- क्याम्पसभन्दा बाहिरसम्मका पार्टनरहरू सँगको सहकार्यलाई सजिलो बनाउन हाम्रो काम अझ देखिने र पहुँचयोग्य बनाउने।

**प्राथमिकता ३**

## जनहितका लागि मिलेर सहकार्य गर्ने

साझेदारीहरू बढाउने अनि विस्कन्सिन र यहाँभन्दा बाहिरका मान्छेहरूलाई फाइदा हुने समाधानहरू मिलेर बनाउने।

- विस्कन्सिन विचार पूरा गर्न समुदाय, जनजाति राष्ट्र, व्यवसाय, गैर सरकारी संस्था, सरकार, पूर्व छात्र तथा अरूहरूसँगको पारस्परिक सम्बन्धमा संलग्न हुने।
- भिन्नतालाई साथमा लिएर रचनात्मक रूपमा संलग्न हुँदै नागरिक स्वास्थ्य र जनविश्वासमा योगदान पुर्‍याउने।
- जनहितको नवीनतामा केन्द्रित हुँदै विस्कन्सिनको आर्थिक जोस र कार्यबललाई समर्थन गर्ने साझेदारी र संलग्नता बनाउने।
- हामीले गर्ने सबै काममा वातावरणीय व्यवस्थापनलाई समावेश गर्दै, अझ दिगो भविष्य प्रति योगदान पुर्‍याउने।

**प्राथमिकता ४**

## बलियो भविष्य सुनिश्चित गर्न उत्कृष्टताको संस्कृति विकास गर्ने

हाम्रो मानिसहरू, संस्कृति र सञ्चालनहरूलाई समर्थन गर्ने र बलियो बनाउने ताकि हामीले आगामी कैयौँ पुस्ताहरूसम्म हाम्रो लक्ष्य पूरा गर्न सकौं।

- उत्कृष्टता र भलाइलाई सम्मान गर्ने उत्कृष्ट कर्मचारी अनुभव र संस्कृतिमामा लगानी गर्ने।
- हाम्रा प्रणालीहरू, प्रक्रियाहरू र पूर्वाधारहरूलाई आधुनिकीकरण गर्ने र मिलाउने।
- हाम्रा आर्थिक, भौतिक र डिजिटल स्रोतसाधनहरूलाई कुशलतापूर्वक र पारदर्शी रूपमा व्यवस्थापन गर्ने।
- हाम्रो समुदायलाई समर्थन गर्न नीतिहरू, स्रोतसाधनहरू र जबाफदेहीतालाई मिलाउने।

* * * *

**अगाडि के छ त:** स्कूल, कलेज तथा विभागीय रणनीतिक योजनाहरू; क्याम्पसव्यापी पहल अनि विद्यार्थीहरू कर्मचारी, संकाय, पूर्व छात्र तथा पार्टनरहरूको सहकार्य मार्फत यस रणनीतिक संरचनालाई जीवन दिइनेछ। साझा स्वामित्व, क्याम्पस व्यापी पङ्क्तिबद्धता अनि समन्वित लक्ष्य निर्धारण र ट्र्याकिङ्ग मार्फत हामी आफैँलाई जबाफदेही बनाउनेछौं।

थप जानकारी यो वेबसाईटमा पाउनुहोला strategicframework.wisc.edu।